नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र संख्याः ०७६।७७
चलानी नं. : ४४८

मितिः २०७७/०२/३०

विषयः उखु कृषक दर्ताको लागि सार्वजानिक सूचना प्रकाशन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै )

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं.०७६/७७ च.नंः १०५१ मिति २०७७।०२।२५ को उखु कृषक दर्ताको लागि सार्वजानिक सूचना प्रकाशन सम्बन्धि पत्र र सो पत्र साथ प्राप्त उखु कृषक दर्ता हुने सार्वजानिक सूचना यसै साथ संलग्न छ । व्यहोरा पत्र तथा सूचनाबाटै अवगत गर्नु भई सोहि बमोजिम आवश्यक व्यवस्था गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखाः पत्र वेभसाइटमा अपलोड गरिदिनु हुन ।

Scanned with CamScanner

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

०१-४२११६३५
४२११८०८
४२११९३२
४२११६६५
४२११६८७
४२११९१५
फ्याक्स: ४२११९३५
सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्या : ०७६/७७
च.नं.: १०५१

मिति : २०७७/०२/२५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

**विषय : उखु कृषक दर्ताको लागि सार्वजनिक सूचना प्रकाशन भएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकारबाट स्वीकृत "उखु कृषकलाई अनुदान दिने सम्वन्धि कार्यविधि (दोश्रो संसोधन)२०७५" को दफा ४ (क) बमोजिम आगामी आर्थिक बर्ष २०७७/७८ देखि नेपाल सरकारबाट अनुदान प्राप्त गर्न उखु कृषकहरु सम्बन्धित स्थानीय तहमा अनिवार्य दर्ता हुनुपर्ने प्रावधान रहेको छ । यस सन्दर्भमा सम्बन्धित स्थानीय तहहरुबाट सहजीकरण हुने व्यवस्था मिलाइदिन यस मन्त्रालयबाट प.सं. ०७६/०७७, मिति २०७६/८/०३, च.नं. २३ (APMS) र प.सं. ०७६/०७७, मिति २०७६/११/११, च.नं. २९ (APMS) को पत्र मार्फत अनुरोध भएकोमा तहाँ मन्त्रालयबाट प.सं. स्था.त.स.शा./फा.सं.-३/०७६/७७, मिति २०७६/११/१८, च.नं. ३४४ को पत्रमार्फत सम्बन्धित स्थानीय तहहरुलाई परिपत्र समेत भएको छ ।

यस कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्नको यस मन्त्रालय मार्फत मिति २०७७।०२।१८ मा सार्वजनिक सूचना समेत प्रकाशन गरी अनुरोध गरिएको छ । अत: सुनसरी, सिरहा, महोत्तरी, सर्लाही, रौतहट, वारा, नवलपरासी वर्दघाट सु.प., र कञ्चनपुर जिल्लाका सम्बन्धित स्थानीय तहहरुलाई यस सम्बन्धमा तहाँ मन्त्रालयबाट समेत पुन: जानकारी गराइदिनु भइ कार्यान्वयनको लागि सहजीकरण हुने व्यवस्था मिलाइदिनु हुन अनुरोध छ ।

पुनश्च: यस सम्बन्धमा मिति २०७७।०२।२० गतेको गोरखापत्र दैनिकमा प्रकाशित सार्वजनिक सूचना समेत यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

.............................
डा. हरि बहादुर के.सी.
सह-सचिव

<u>सादर अवगतार्थ</u>
माननीय मन्त्रीज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।
श्रीमान् सचिवज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।

<u>बोधार्थ एवम् आवश्यक सहजीकरण गरिदिनु हुनको लागि :</u>
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री संयोजकज्यू, भुक्तानी समिति, जि. प्रशासन का., सुनसरी/सिरहा/महोत्तरी/सर्लाही/रौतहट/वारा/नवलपरासी व.सु.प./कञ्चनपुर ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, , सुनसरी/सिरहा/महोत्तरी/सर्लाही/रौतहट/वारा/नवलपरासी वर्दघाट सु.प./कञ्चनपुर ।
श्री केन्द्रिय उखु उत्पादक सहकारी संघ लि., वर्दिवास ।
श्री नेपाल चिनी उद्योग संघ, काठमाण्डौ।



Scanned with CamScanner

मिति २०७७।०२।२० गतेको गोरखापत्र दैनिकमा प्रकाशित सूचना

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरवार

## उखु कृषक दर्ता हुने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति: २०७७।०२।२०

नेपाल सरकारबाट स्वीकृत "उखु कृषकलाई अनुदान दिने सम्वन्धि कार्यविधि (दोश्रो संसोधन)२०७५" को दफा ४ क बमोजिम आगामी आर्थिक वर्ष २०७७/७८ देखि नेपाल सरकारवाट अनुदान प्राप्त गर्न उखु कृषकहरु सम्वन्धित स्थानीय तहमा अनिवार्य दर्ता हुनुपर्ने प्राबधान रहेको छ । अत: नेपालमा उखु उत्पादन गरी नेपालका चिनी मिललाई उखु विक्री गर्ने सबै कृषकहरुलाई सम्वन्धित स्थानीय तहमा यथाशिघ्र दर्ता हुन यसै सूचना मार्फत अनुरोध गरिन्छ । यसको प्रकृया र आवश्यक पर्ने कागजात सम्बन्धी जानकारी सम्वन्धीत स्थानीय तहवाट उपलब्ध हुनेछ । स्थानीय तहबाट प्रकाशित भएको उखु कृषकको लगतमा छुट हुन गएका कृषकलाई नेपाल सरकारबाट अनुदान उपलब्ध नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

यसको कार्यान्वयन सम्वन्धमा आवश्यक सहजिकरणको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. स्था.त.स.शा./फा.सं.-३/०७६/७७, मिति २०७६/११/१८, च.नं. ३४४ को पत्रमार्फत सम्बन्धित स्थानीय तहहरुलाई अवगत भएकै छ । अत: सम्बन्धित स्थानीय तहरुले कोभिड-१९ वाट श्रृजित परिस्थितीमा नेपाल सरकारवाट जारी भएका निर्देशनहरु अनुकुल हुने गरी यस कार्यलाई यथाशिघ्र सम्पन्न गर्नुहुन र दर्ता भएका उखु कृषकको लगत २०७७ भाद्र मसान्त भित्र प्रकाशन गरी सम्बन्धित चिनी मिल, जिल्ला स्थित भुक्तानी समिति र यस मन्त्रालयमा उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

**पुनश्च:** सम्बन्धित स्थानीय तहहरुले कृषकहरु दर्ता हुने क्रममा सम्वन्धित उखु कृषकको खाता रहेको **बैंकको नाम र खाता नम्बर** सम्बन्धित विवरण माग गरी लगतमा समावेश गर्नु हुन समेत यसै सूचनाअनुसार अनुरोध छ ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

Scanned with CamScanner